नेपाल सरकार

## संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला शाखा)

सिंहदरबार, काठमाण्डौं ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सं.२०७७/७८
च.नं. १६८

मितिः- २०७८/०२/२५

श्री स्थानीय तहहरु सवै ।

<u>बिषयः- प्लाष्टिकजन्य झोलाको मापदण्ड कार्यान्वयन सम्बन्धमा।</u>

नेपाल सरकारले मिति २०७८ श्रावण १ देखि लागू हुने गरी प्लाष्टिकजन्य पदार्थबाट हुने बातावरणीय प्रदुषण न्यूनीकरण गर्न ४० माईक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री बितरण र प्रयोग पूर्णरुपमा प्रतिवन्ध लगाएको सन्दर्भमा कार्यान्वयनका लागि स्थानीय तहमा पठाउने व्यहोराको वन तथा वातावरण मन्त्रालय, वातावरण विभागबाट च.न. १२४९ मिति २०७८/०२/१९ मा लेखि आएको यसै साथ सम्लग्न पत्र बमोजिम आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

महेश कुमार दाहाल
शाखा अधिकृत

<u>बोधार्थ</u>

श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरवार ।
श्री वातावरण विभाग, बवरमहल ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
# वातावरण विभाग

राष्ट्रीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६६९५
मिति:- २/२०

पत्र संख्या : ०७८।७९
चलानी नं. : ९२४६

मितिः २०७८।०२।१९

**विषयः प्लाष्टिकको झोला सम्बन्धमा।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकारले मिति २०७८ श्रावण १ देखि लागू हुने गरी प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदुषण न्यूनीकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरुपमा प्रतिबन्ध लगाएको छ । सपिङ्गमल तथा डिपार्टमेन्टल स्टोर लगायत सबै व्यापारिक प्रतिष्ठानमा प्लाष्टिकको झोलाको सट्टा सूती, जुट वा कागजका झोला प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको समेत अवगत गराउँदछु । ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला वा सीट उत्पादन गर्ने उद्योगले पुरानो मेशिनको पाटपूर्जा प्रतिस्थापन गरी नयाँ जडान गरेमा हुने थप लगानी बरावरको रकम पुँजीगत अनुदान उपलब्ध गराइने व्यवस्था समेत आ.व.०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यमा उल्लेख गरिएको छ। यसर्थ सोही अनुसार कार्यान्वयन गर्न मातहतका सबै स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) मा आवश्यक निर्देशनको लागि अनुरोध गर्दछु ।

(मुकुन्द प्रसाद निरौला)
महानिर्देशक
महानिर्देशक

**अवगतार्थः**

श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**कार्यालयको ठेगानाः** बबरमहल, काठमाडौं
**कार्यालयको टेलिफोन नं.** ०१-४२२१७९७/४२२०८३७
**फ्याक्सः** ०१-४२२१५५७
**इमेलः** info@doenv.gov.np
**वेबसाईटः** www.pollution.gov.np